# नेपालमा किसान आन्दोलनको पूनरावलोकन

विकल प्रजापति[1]

***वस्तुसार***

*नेपाल एक कृषिप्रधान देश हो । कृषिमा आमूल सुधारबाटै नेपालको विकास सम्भव छ । कृषि सुधारका लागि भूमिसुधार र भूमिसुधारको लागि राजनीतिक सुधार अपरिहार्य छ । तानाशाही राणाशासन र निरङ्कुश पञ्चायती व्यवस्था किसानको हित र कृषिको सकारात्मक सुधारको लागि अनुकूल हुन सकेन । प्रतिकूल व्यवस्थाको विरोध र कृषि सुधारको चाहनाका कारण नेपालमा विभिन्न समयमा बलिदानी किसान आन्दोलनहरू भएका थिए । किसान आन्दोलनलाई सरकारले दबाउँदै आएको छ । २०२१ सालको भूमिसुधार र त्यसपश्चात् सिर्जित किसान आन्दोलनले भक्तपुरलगायतका सीमित जिल्लाका किसानले उपलब्धि पाए पनि देशका बहुसङ्ख्यक किसानले लाभ लिन सकेनन् । यस लेखले नेपालको समग्र किसान आन्दोलनको सङ्क्षिप्त लेखाजोखा गर्ने प्रयास गरिएको छ । किसान आन्दोलनमा सहभागिता, सक्रियता, विषय प्रसङ्ग र प्रभावको आधारमा विभिन्न उपशीर्षकहरू दिइएको छ ।*

***विशिष्टीकृत शब्द*** *: भूमिसुधार, भूमि ऐन, किसान समस्या, जाली तमसुक, समानताको सङ्घर्ष ।*

## अ. विषय प्रवेश

नेपालको प्रजातान्त्रिक आन्दोलनको इतिहास केलाउँदा किसान आन्दोलनको भूमिका अविस्मरणीय छ । अध्ययनको क्रममा वि.सं. १८५६ देखि नै नेपालमा भूमि अधिकारका आन्दोलनहरू छिट्टफुट्ट भइरहेको पाउँछौं । वि.सं. १८६२ मा बास हरण भनी चिनिएको जमिन जफत प्रक्रियामा अपनाइएको व्यवस्थाविरुद्ध तनहुँ र पश्चिमी पहाडी भेगका अन्य केही क्षेत्रहरूमा हिंसात्मक भिडन्तहरू भए (रेग्मी, सन् १९९९) । वि.सं. १९७७ मा काठमाडौंका कृषक सुब्बा कृष्णलालले मकैको खेती नामक पुस्तक लेखे । यसले तत्कालीन शासकहरूबीच हल्लीखल्ली नै मचायो । 'मकैको खेती' को प्राक्कथनमा सुब्बा कृष्णलालले नेपाली र बेलायती कुकुरलाई मकै खाने राता र काला कीराहरूसँग तुलना गरेका छन् । पुस्तक प्रकाशनले तत्कालीन राणा शासनलाई यतिसम्म भयभित पाऱ्यो कि तिनले सो पुस्तकका लेखकलाई जेल नै हालेका थिए (इन्सेक, सन् १९९५) ।

वि.सं. २००७ मा कूतबाली नतिर्ने भन्दै र खेती गरेको जमिनमा मोहीहरूको मोहियानी हकलाई जोड दिँदै भक्तपुरको सोमलिङ्टारबाट आन्दोलनको सूत्रपात भयो । सोही वर्ष भक्तपुर र काठमाडौंमा अझै सङ्गठित आन्दोलनहरू भए । बर्दियामा बटैया प्रथाविरुद्ध आन्दोलन, लुम्बिनीमा जमिन्दार विरोधी आन्दोलन तथा बारा र रौतहटमा धर्मव्यापारी आन्दोलन भए (थापा, सन् २००१) । वि.सं. २००८ सालमा गठित अखिल नेपाल किसान सङ्घको नेतृत्वमा २००८ देखि २०१३ सम्ममा भएका किसान आन्दोलन प्रभावशाली र महत्त्वपूर्ण थिए (तामाङ, रिजाल र जोशी, २०७२) ।

## आ. अध्ययन विधि

यो लेख वर्णनात्मक तथा विश्लेषणात्मक विधिमा आधारित छ । विशेषत द्वितीय स्रोत यसको प्रमुख आधार हो भने प्राथमिक स्रोतको रूपमा भक्तपुर किसान आन्दोलनका सहभागीहरूको अनुभव अनुभूतिलाई यथास्थान दिने प्रयास गरिएको छ ।

१ *विकल प्रजापति वागीश्वरी कलेजका शिक्षण सहायक हुनुहुन्छ । उहाँलाई advocatebikal@gmail.com मा सम्पर्क गर्न सकिन्छ ।*

**इ. विभिन्न स्थानको किसान आन्दोलन**

**भीमदत्त पन्त र पश्चिम नेपाल**

सुदूर पश्चिमका बझाङ, बाजुरा, बैतडीदेखि कैलाली कञ्चनपुरमा विद्यमान हलिया र कमैया प्रथा तथा सबैखाले बँधुवा श्रम अन्त्यको पक्षमा भएको आन्दोलनमा भीमदत्त पन्तले बलिदान गरे । कम्युनिष्ट पार्टीको सदस्य रहेका पन्तले जमिनदारहरू विरुद्ध लड्न ५०० युवा मिलिसिया तयार पारेका थिए । त्यसताका देशको सुदूर पश्चिममा विभेद तथा दमन व्याप्त थियो । जमिनदारहरूले जाली तमसुक बनाएर गरीब किसानहरूलाई आफ्ना आफ्ना हलिया बन्न बाध्य पार्थे । काम गर्न अस्वीकार गरेको खण्डमा जमिनदारहरूले तिनको अङ्गप्रत्यङ्ग काटिदिने र मार्नेसमेत गर्थे । हलिया र कमैया मुक्त गर्न तथा जोत्नेको अधिकारको लागि लड्न उनी निकै उत्साहित थिए (एएनपिए, सन् २००४) । गरीब किसानमाझ उनले 'जोत की छोड, अहिले भएन भने कहिल्यै पनि हुनेछैन ।' भन्ने नारामार्फत् जागरण अभियान चलाएका थिए (इन्सेक, उही) ।

२००७ फागुनमा पन्तलाई गिरफ्तार गरी हत्याको प्रयाससमेत गऱ्यो । नेपाल र भारत दुवै देशका सरकारले उनलाई एक खतरनाक क्रान्तिकारी कम्युनिष्टको संज्ञा दिंदै पक्राउ पूर्जी पनि जारी गरे । सरकारले उनको टाउकाको मूल्यसमेत घोषणा गऱ्यो (एएनपिए, उही) । २०१० सालमा उनलाई डोटीमा गिरफ्तार गऱ्यो र नजिकैको जङ्गलमा लगेर गोली ठोक्यो । गोली लागि विह्वल भएपछि पन्तलाई एकजना प्रहरी जवानले खुकुरीले शिरच्छेदन गरे । उनको शिरलाई एउटा बाँसमा झुण्ड्याइयो । 'यदि देशद्रोह अथवा विद्रोहमा लाग्यौ भने तिमीहरूको शिर पनि यसरी नै झुण्ड्याइनेछ' लेखेर विद्रोहीलाई चेतावनी दिइएको थियो (उप्रेती, शर्मा, बस्नेत २०६६) । उनको अविस्मरणीय योगदान र बलिदानले किसान आन्दोलनको इतिहासमा भीमदत्त पन्त वास्तविक नायकको रुपमा चिनिएका छन् (इन्सेक, उही) ।

किसान आन्दोलनको दबाबका कारण २००८ मा भूमिसुधार घोषणा भयो, पश्चिम नेपालमा (बुटवलदेखि कञ्चनपुरसम्म) भूमि जाँचक मिसन पठाइयो । २००९ मा भूमिसुधार कमिसन बन्यो तर तिनका प्रतिवेदन लागु भएन । किसान आन्दोलन अझ व्यापक भयो । २०१३ सालमा भूमिसुधारका केही कार्यक्रम घोषणा गरियो भने २०१४ सालमा भूमि ऐन आयो । जमिन जोत्नेको नारा दिंदै आएको नेपाली काङ्ग्रेसको सरकारले किसानको हितमा भूमिसुधार गर्ने प्रतिबद्धता जनायो र २०१६ सालमा बिर्ता उन्मूलन ऐन ल्यायो । तर तिनीहरू पनि किसानको हितमा लागु हुन सकेनन् । राजा महेन्द्रले २०२१ सालमा भूमिसुधारको कार्यक्रम घोषणा गऱ्यो । त्यसले किसान आन्दोलनलाई निस्तेज पारी भूमिसुधारप्रति ठूलो भ्रम दिन सफल भएको सीताराम तामाङलगायतको मत छ (तामाङ, रिजाल र जोशी, उही) । त्यतिबेला नेपाल कम्युनिष्ट पार्टीको केन्द्रीय समितिले 'शाही भूमिसुधार' भनी उक्त भूमिसुधार कार्यक्रमको विरोध गर्ने नीति तय गरेको थियो । तर नेपाल कम्युनिष्ट पार्टी बागमती अञ्चलका इन्चार्ज रोहितले भने यस विषयमा असहमति राखेका थिए । रोहितका अनुसार नेपालमा भूमिसुधार कार्यक्रम सफल भएको जिल्ला भक्तपुर हो र किसानहरूलाई सबैभन्दा धेरै फाइदा पुगेको ठाउँ पनि भक्तपुर हो (प्रसाई, २०६९) ।

**मध्य र पूर्वी तराई**

वि.सं. २००७ सालमा सप्तरी जिल्लाको ९० प्रतिशत आवाद जग्गा कोइलाहीका राणा समर्थक जमिनदारहरूको हातमा थियो । त्यसबेला राणाकालमा कानुनी रूपले सप्तरी जिल्लामा बटैयादारी प्रथा थियो । प्रथाअनुसार किसानको जमिनदारले उब्जनीको आधा भाग असुल गरिसकेर पनि विभिन्न किसिम र नामले आर्थिक शोषण गर्थ्यो । त्यसमध्ये सलामी, सेरीलोगी, कामत तिरो, डेढी व्याज आदि थियो (नेक्राकिसंघ, २०६४) ।

वि.सं. २००९ सालपछि पुराना बामपन्थी, काङ्ग्रेस र किसान सङ्घको बीचमा संयुक्त मोर्चा बनिसकेपछि सप्तरी जिल्लामा किसान सङ्घर्ष चर्किन थाल्यो । किसानहरूका मागहरू 'जाली तमसुक रद्द गर', 'सेरीलोगी, मगनी र सलामी समाप्त गर' आदि थियो ।

किसान सङ्घर्षलाई दबाउन प्रतिक्रियावादी सरकारले अनेक दाउ खेल्यो । किसान कार्यकर्ता र नेताहरूको नाउँमा पक्राउ पुर्जी पठायो, मुद्दा लगायो र किसानहरूको घर घरमा खानतलासी लियो । जनतामाथि अनेक दुःख कष्ट दिन थाल्यो । तर नेकपाको नेतृत्वमा किसान जनता झुकेनन् । उनीहरू सरकारी कानुनलाई मान्दैनथे, अदालतको म्याद र फैसलालाई मान्दैनथे । खेत खेतमा हुने वर्ग सङ्घर्षमा फूर्तिसाथ महिला किसानहरूले पनि भाग लिन्थे (ज्यापु, २०४२) ।

किसानहरूमाथिको अपमान, बेइज्जती र हेलाको विरोधमा संघर्ष गर्न नेपाल कम्युनिष्ट पार्टीले बारा जिल्ला पार्टीलाई निर्देशन दियो । किसान सङ्घले 'रे' शब्दलाई बदमास संज्ञा दियो । र 'रे' को विरोध नगरी सहेर बस्ने दलाल मान्दै 'रे' को विरोधमा लड्ने कुनै पनि किसान र गाउँका जनतालाई अरुले मद्दत गर्नुपर्छ भन्दै किसान सङ्घले 'जी' को निम्ति लड्ने निर्णय लियो ।

समानताको लडाइँको आगो रौतहटमा राम्रोसँग फैलियो । बाराभन्दा रौतहट अझ चर्को शोषण र दमन हुने जिल्ला भएको हुँदा लडाइँको आगो उतातिर बढी मोडियो । सामन्त जादोलाल साह किसानहरू अगाडि आत्मसमर्पण गर्न बाध्य भयो । गल्ती स्वीकार्दै टाउको झुकाएर किसानहरूलाई 'जी' भन्न र सम्मान गर्नैपर्‍यो । यो नै रौतहट जिल्लामा किसानको पहिलो जीत थियो (नेक्राकिसङ्घ, उही) ।

समानताको सङ्घर्षले रौतहट र बारा जिल्लाको कुनाकाप्चाका किसानहरू सङ्गठित पारेर पार्टी सङ्गठनले एक नयाँ लहर चलायो । पार्टीले किसान सङ्गठनको भेललाई आर्थिक सङ्घर्षमा मोड्ने निर्णय गर्‍यो र 'पुरानो कर्जा रद्द गर' भन्ने नारा दियो (नेक्राकिसङ्घ, उही) । किसान सङ्गठनले हटुवई, पटुगिरी, गडिवानी, चलिसाह, पथल पूजाइ, सलामी दस्तुर, सिपाही गिरी, बटैया, बेदखली, जनौरी हनौरीलगायत शोषणको पनि विरोध गरे । किसानलाई आदरार्थी शब्द प्रयोग गर्न 'रे नहि जी कहो' नाममा रौतहटमा सामन्ती जमिनदारहरूविरुद्ध सङ्घर्षको सूत्रपात भएको थियो । तिनको कुकर्मले किसानहरूको सङ्घर्षमा महत्त्वपूर्ण भूमिका खेल्यो । त्यो सङ्घर्ष प्रतिष्ठा, सामाजिक अस्तित्व र आत्मसम्मानको खातिर गरिएको थियो । 'मद्दत भकारी खडा करो' भन्ने नारासहित उत्तेजित किसानहरूले सङ्घर्षलाई दिगो राख्न र अन्न भण्डारण एवं बचतको लागि एकअर्कालाई सहयोग गरे । यस्तो सङ्घर्षले जमिनदारविरुद्ध कडा चुनौती गर्‍यो र नेपालको समग्र भूमि अधिकार आन्दोलनमा सार्थक योगदान पुर्‍यायो (इन्सेक, उही) ।

रौतहटको किसान आन्दोलन मुठी आन्दोलनका रूपमा प्रख्यात छ । किसानको हरेक घरमा किसान आन्दोलनका लागि भनेर आफ्नो पकाउने कसौडीमा राखेको चामलबाट एक मुट्ठी चामल अर्को भाँडामा जम्मा गरेपछि आन्दोलनका लागि प्रशस्त अन्न जम्मा भयो । तत्पश्चात् किसानले जमिनदारविरुद्ध धावा बोले र जमिन जोत्न बन्द गरे । काम गर्न बन्द गरे । यो महिनौं दिनसम्म चल्यो । जमिनदारको काम बन्द भएपछि मुठी दानबाट उठेको अन्नले उनीहरूलाई साँझ, बिहान छाक टार्न महिनौं दिन चल्यो र आन्दोलन सफल भयो ।

त्यसबेला धनुषा जिल्लामा सामन्त र जमिनदारहरूले किसानहरूसँग बेठ-बेगारी लिन्थे, खेत जोत्न दिन किसानसँग सेरी सलामी भनेर २०-३० रुपैयाँ दस्तुर वा भेटी लिन्थे । उत्पादनको १३ भागमा ९ भाग जमिनदार वा सामन्तले लिन्थ्यो । जोताहाले ४ भागमात्र पाउन्थ्यो । ऋण दिंदा सामन्त वा जमिनदारले किसानलाई सयकडा २५-३० भन्दा बढी व्याज लिन्थ्यो । ऐनमा भने सयकडा १० मात्रै लिन पाइन्थ्यो (नेक्राकिसङ्घ, उही) ।

किसान सङ्घको बेठ बेगारी बन्द गर्न, सेरी सलामी समाप्त गर्न र सयकडा १० भन्दा बढी व्याज नदिन गाउँका

किसान जनतालाई सम्झाउन लाग्यो र सङ्गठन गर्न लाग्यो । किसान कार्यकर्ताहरू खेत खलिहानमा गएर खरे-बटैया अर्थात् अधियाको प्रचार गर्न लागे । किसान जनताको पक्षमा भएको त्यस प्रचार अभियानले जनतामा निकै प्रभाव पाऱ्यो र एकपछि अर्को गाउँमा सङ्गठन खुल्न थाल्यो । खरे बटैयाको विषय प्रचार अभियान सुरु गरेपछि सामन्त र जमिनदारहरूले किसानहरूबाट जग्गा खोस्न थाले वा जग्गा दिन मानेनन् । अनि सङ्गठनले मोहियानी हक कायम गराउन सङ्घर्ष अगाडि बढाए (ज्यापू, २०४४) । 'भकारी फोड' सङ्घर्ष २०३५-३६ सालतिर निकै चर्चित थियो । किसानहरूले उक्त सङ्घर्षमा आफ्ना उत्पादनको उचित मूल्य माग गरेका थिए । तर सेनाले किसानकै विरुद्ध कदम चाल्यो । यो सङ्घर्ष धनुषाबाट शुरु भएर देशको विभिन्न भागसम्म फैलिएको थियो (थापा, उही) ।

सिराहा जिल्लामा पनि विभिन्न नाममा किसानलाई शोषण भैरहेको थियो । जिरायत, फर्कौना, सेरी-सलामी, बेठबेगारी, ड्यौढा व्याज, बिया वेबुन, भेटी, खरी-बटैया त्यसका उदाहरण हुन् । बारा, पर्सा र रौतहट जिल्लामा किसान आन्दोलनको आगो सल्किसकेको थियो । तर सिराहातिर भने त्यो आगोको फिलिङ्गो पुगिसकेको थिएन ।

किसान समितिको आह्वानमा ठूला ठूला जनसभाहरू राखेर सम्बन्धित अत्याचारीको काला कर्तुतलाई उदांग्याइन्थ्यो । यस्ता जनसभाहरूमा २५ हजारसम्म किसानहरू भेला भएका थिए । जनसभाहरूमा पोशाक लगाएका, झोला बोकेका र एउटा लठी लिएर स्वयंसेवकहरू उपस्थित हुन्थे । सिराहा जिल्लामा २०० जवान पार्टी स्वयंसेवकहरू सदा तयार रहन्थे । हजारौं हजार जनताको अगाडि बन्दुक भएका जमिनदारहरू तर्से । आखिर जमिनदार रासलाल अरर जनसमूहमा आई जनतालाई लाल सलाम गरी आखिर ६ सेरबनी (ज्याला) दिने र अन्य मागहरू पूरा गर्ने बचन दियो । यसरी सङ्घर्ष जीतमा टुङ्गियो (नेक्राकिसङ्घ, उही) ।

**भक्तपुर**

भक्तपुरमा २०१५ सालसम्म अखिल नेपाल किसान सङ्घले विभिन्न आन्दोलन गरेका थिए । शुद्धिकरण किसान सङ्घले २०१०/११ सालमा घोषणापत्रमार्फत् सरकारलाई अल्टिमेटम दिंदै सङ्घर्ष गर्‍यो । त्यसमाथि प्रहरीले व्यापक दमन गर्‍यो (चालिसे, २०५१) । २०१७ सालको राजनीतिक परिवर्तनपछि भक्तपुरमा २०१९ सालमा छाडा साँढे धपाउने अन्दोलन भयो । धर्मको नाउँमा शोषण गर्ने सामन्तहरूले सरकारको आड पाएर त्यसमा संलग्न किसान कार्यकर्ताहरूलाई कुटपिट गरियो । यसको विरुद्ध किसानहरू कुटो कोदालो लिएर उठे । भक्तपुर तनावग्रष्ट भयो र मेजिष्ट्रेटले नगरमा कर्फ्यु लगाए । केही समयपछि यो तनाव सेलाएर गयो ।

२०२१ सालको भूमिसुधारलाई पञ्चायती भूमिसुधार भनी बहिष्कार गरेको अवस्थामा भक्तपुरमा किसानको हितमा उपयोग गर्ने नीति सङ्घले लियो । त्यसक्रममा मोहियानी हक दिलाउन सरकारी नापी टोलीसंगै किसानको नाउँ लेखाउने अभियान चल्यो । जग्गाधनीहरूको जालसाजीपूर्ण कदमका विरुद्ध २०२२ सालदेखि ०२४ सालसम्म भर्पाई आन्दोलन भयो । शोषक जग्गावालाहरूको विरुद्ध गैरकानूनी सङ्घर्षको रूपमा बाली काट्ने आन्दोलन पनि भए (प्रजापति, २०६४) ।

२०२५/०२६ सालमा तत्कालीन नवदुर्गा सहकारी संस्थाका भ्रष्ट पदाधिकारीहरूको भ्रष्टाचार, अनियमितता र अपारदर्शिता र जालसाजीपूर्ण कार्यका विरुद्ध जनकार्वाही गरेको घटना इतिहासमा भ्रष्टाचारविरोधी आन्दोलनको रूपमा स्मरण गरिँदै आएको छ ।

त्यस्तै सुस्तामाथि भारतीय हस्तक्षेपको विरोधमा २०२५ मंसीर २२ गते भएको विरोध प्रदर्शन, २०२३ सालमा भियतनाममाथि अमेरिकी हस्तक्षेपको विरोध, २०३१ सालमा भारतले सिक्किममाथि गरेको हस्तक्षेपको विरोध, गुठी जग्गा

रैकरमा परिणत गराउने आन्दोलन, धर्मपुत्रलाई मोहियानी हक दिलाउने आन्दोलन, सरसफाई आन्दोलन, साँस्कृतिक आन्दोलन आदिले किसान आन्दोलनको इतिहासमा भक्तपुरलाई चिनाएको छ (प्रजापति, उही) ।

यसैगरी भक्तपुरमा नेपाल क्रान्तिकारी किसान सङ्घको नेतृत्वमा थुप्रै किसान आन्दोलनहरू भएका छन् । दशकौंदेखि जोत्दै आएको तर कारणवश मोही लगतमा नाम नभएको किसानको मोही हक दिलाउन, कारणवश समयमा बाली बुझाउन नसकेका किसानको मोहीयानी हक जोगाउन भक्तपुर नगर, ताथली, कटुञ्जे, झौखेल, गुण्डुमा भएको सङ्घर्षमा सङ्घले उल्लेख्य सफलता पाएको थियो ।

आयातकर्ता काष्ठमण्डप ट्रेड प्वाइन्टको लापर्वाहीको कारण म्याद नाघेको चाइनीज हाइब्रीड धानको बीउका कारण २०७० सालमा भक्तपुर र काभ्रेका हजारौं किसानको धानबाली नष्ट भएको विषयमा नेक्राकिसङ्घले लामो आन्दोलन गरेपनि किसानले क्षतिपूर्ति पाउन सकेको छैन । क्षतिपूर्तिको लागि गठित सचिवस्तरीय समितिले राहत दिने सिफारिस गर्नु, आफ्नो दोष स्वीकार गरेको आयातकर्ता कम्पनीलाई सजाय नगर्नु, तत्कालीन प्र.म. शुशील कोइरालाले मन्त्री परिषद् बैठकमा राख्ने आश्वासन पुरा नगर्नु, अन्य दलहरू किसानका माग र समस्याप्रति उदासिन रहनु विडम्बना हो ।

**चितवन**

२०२७ सालदेखि २०२९ सालसम्म चितवनको केरुंगा, बरण्डाभार, गोब्रेनी, झन्झनेमा भोकानाङ्गा सुकुमबासीलाई वर्षौंदेखि बस्दै आएको घरबारी उठाउने फटाहा र गुण्डाहरूसँग मिलेका प्रहरी प्रशासनको विरुद्ध गरीब किसान सुकुमबासीहरूले सङ्घर्ष गरे । नारायणगढ र भरतपुरमा त्यस्ता फटाहा महापञ्चलाई कालोमोसो र गोबरले सजाय दिए । गरीब किसान जनतामाथि असह्य शोषण र अत्याचारको विरुद्धमा २०३४ असारमा जुगेडीमा ऐतिहासिक सङ्घर्ष भयो । किसानको मकै, काउनु, सामा (पहाडी भेगको स-साना गेडे अन्न) बाली पानीले बिगारेको थियो । जङ्गलमा गिठा, भ्याकुर र सिस्नु पनि सिधिए । जनता भोकै मर्ने अवस्था आयो । तर सरकारले मालपोत, कर र बचतको ऋण उठाउन कर्मचारी र पुलिस खटायो । किसान कार्यकर्ताको बैठकले त्यसको विरोध गर्ने निर्णय गर्यो । भोका नाङ्गा जनताले शोषक, सामन्त र जमिनदारको भकारी कब्जा गरेर स्थानीय जनतालाई बाँडे । प्रशासनले त्यसलाई डाँकाको संज्ञा दिई गोली चलाउँदा दुई जना शहीद भए भने कैयौं घाइते भए । त्यस इलाकामा पुलिस आतङ्क चल्यो । पुलिसले घर घरमा घुसी रुपैयाँ, कुखुरा, खसी बोका लुट्ने र जनतामाथि हातपात गरी पक्राउ गर्न थाल्यो । पुलिसको अत्याचारले जनतामा झन रिस बढ्यो । भोका जनताले भन्न थाले- 'बन्दुकको बदला बन्दूकले लिनुपर्छ' (किसान सङ्घर्ष, १९७७) ।

जुगेडीको सङ्घर्षले देश भरका भोका नाङ्गा, मजदुर किसान र विवेकशील जनतालाई सङ्घर्षको नयाँ सन्देश सुनायो र राजनैतिक भ्रमको बेलामा एक नयाँ बाटो देखाई दियो । वास्तवमा जुगेडी सङ्घर्ष मार्क्सवाद-लेनिनवाद र माउत्सेतुंग विचारधाराको निर्देशनमा भएको गरीब किसान र दलित पीडित जनताको एक सचेत वर्ग सङ्घर्ष थियो (किसान सङ्घर्ष, १९७७) । चितवनको किसान आन्दोलन २०३१ देखि २०३४ सालसम्म आर्थिक र राजनैतिक सङ्घर्षको रूपमा अगाडि बढ्यो । जुगेडी सङ्घर्षदेखि जुटपानी सङ्घर्षसम्म किसान आन्दोलनसम्म चितवनको किसान आन्दोलनले नागबेली बाटो लियो ।

**कमैया मुक्ति र अन्य**

२०१० सालमा प्युठानमा जमिन्दार तथा स्थानीय सामन्तविरुद्ध किसानहरूको सुनियोजित आन्दोलनको थालनी

भयो । प्युठानको किसान आन्दोलनले राष्ट्रिय महत्त्व छ । जाली तमसुक च्यात्नेदेखि लिएर जमिनदारलाई कारवाही गर्नसम्मको आन्दोलन सञ्चालन भए । जमिनदारले गर्ने ज्यादती र शोषणविरुद्धको प्युठान किसान आन्दोलनको केन्द्रबिन्दु रह्यो । त्यसभन्दा अझ अर्को महत्त्वपुर्ण पक्ष अखिल नेपाल किसान सङ्घको आयोजनामा किसानको शिविर सञ्चालन र त्यसले आन्दोलनको रूपरेखा तयार गरी किसान आन्दोलनका लागि अगाडि बढाउने काम भयो (रेग्मी, २०७२) ।

दाङ जिल्लामा २०१६ सालमा किसानहरूको ऐतिहासिक आन्दोलन भयो जसको बीज २०१४ सालको चुनावमा रोपिएको थियो (इन्सेक, उही) । उक्त चुनावमा नेपाली काङ्ग्रेसको ‘जग्गा कसको ? - जोत्नेको’ र ‘घर कसको ? - पोत्नेको’ भन्ने नाराले आन्दोलनमा अझै ऊर्जा दिएको थियो । प्रत्युत्तरमा जमिनदारले कामदारलाई आफ्नो जग्गाबाट निष्कासन गरे । गुम्रा थारु नामका एकजना स्थानीय किसानले आफ्नो ज्यान गुमाएपछि आन्दोलन अझै चर्कियो (थापा, उही) ।

किसान आन्दोलनको चर्चा गर्दा मोरङमा २०२६-२८ सालतिर भएको घटनाबारे उल्लेख गर्नु उपयुक्त हुन्छ । यो आन्दोलन पहाडबाट बसाइ सरी तराई तथा चुरेको ‘झोडा’ क्षेत्रबीच उर्वर जमिनमा बसोबास गरेकाहरू विरुद्ध लक्षित थियो । सो सङ्घर्षमा विभिन्न मानिसहरू मारिएको समेत जानकारीमा आएको थियो (एएनपिए, उही) ।

युवा किसानहरूको नियन्त्रण तथा नेतृत्वमा वि.सं. २००९ देखि २०११ सम्म तराईका सबैजसो जिल्लाहरूमा ‘ खमार रोक’ भनिएको एउटा अर्को स्वरूपको आन्दोलनले गति पायो । युवाहरूले चलिरहेको आन्दोलनमा आफ्नै ढङ्गले भाग लिने निर्णय गरे (थापा, उही) । किसान आन्दोलनलाई निरुत्साहित गर्न सरकारले सुधारवादी सानो आयोग पनि बनायो तर त्यसले मोही तथा भूमिहिन किसानलाई भने समावेश गरेन (बस्नेत, २०६६) ।

वि.सं. २०३५ तिर धनकुटाको छिन्ताङ आन्दोलन स्थानीय मझिया (जमिनदार) हरू विरुद्धको आन्दोलन थियो। तिनमाथि स्थानीय जनजातीय समूह र गरिब किसानलाई शोषण गरेको आरोप थियो। मझियाको लागि वर्षको न्यूनतम दुई हप्ता विनाज्याला मजदुरी दिन गरीब किसानलाई बाध्य पारिन्थ्यो। त्यसैले यो सङ्घर्ष खासगरी शोषणकारी अभ्यासविरुद्ध लक्षित थियो। यस आन्दोलनका क्रममा सरकारी समर्थनमा जमिनदारहरूद्वारा १७ जना किसान मारिए (एएनपिए, उही)।

वि.सं. २०३९ तिर सिन्धुपाल्चोकको पिस्कोर गाउँमा खासगरी पाण्डे सामन्तहरूविरुद्ध लक्षित आन्दोलन भयो । किसानहरू विनाज्याला श्रम गर्न, लिइएको ऋणको थामिनसक्नु ब्याज तिर्न र आफ्ना लगभग सबै उत्पादन जमिनदारलाई दिन बाध्य पारिन्थे । यस्तो शोषण र अत्याचारविरुद्ध तिनीहरू सङ्गठित भए र कडा रूपमा जसको जोत उसको पोतको माग गरे (एएनपिए, उही) । यद्यपि दमनकारी शासन व्यवस्थाले सो आन्दोलनलाई निर्ममतापूर्वक दबायो र केही भूमिहीन जनता तथा गरीब किसानहरू मारिए । सिन्धुपाल्चोकको जिल्ला भूमि सुधार कार्यालयमा वि.सं. २०५२ मा बयालीस ओटा मुद्दा दर्ता गरी सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सिएसआरसी) र राष्ट्रिय भूमि अधिकार मञ्च (एनएलआरएफ) जस्ता गैरसरकारी संस्थाले पनि मोहियानी हक आन्दोलन गरेका थिए (बस्नेत, उही) ।

२००७ सालपछि पाल्पामा किसान आन्दालनले तीव्रता पायो । जमिनदारले जोताहालाई दिने मजदुरी बढाउने माग बढ्यो । जमिनदारका लागि बेठबेगारीका रूपमा दिनुपर्ने अतिरिक्त बस्तु नदिने आन्दोलन चल्यो । जाली तमसुक च्यात्ने काम भयो । जमिनदारले मनपरी जोताहा फेर्ने र बेदखली गर्ने प्रथा बन्द गर्ने, चक्रवृद्धि ब्याज बन्द गरी दसौंदी ब्याज कायम गर्ने माग किसानले राख्न थाले । किसानले आफ्नो माग पूरा गराउन जमिनदारलाई घरमै घेर्न थाले । घेर्नेमात्र नभएर कालो मोसो दल्ने, जनताको घरमा थुन्ने समेत काम भयो । ठूल्ठूला किसानसभा भए । यसरी जमिनदारले किसानको माग मान्न बाध्य भए र ती माग पूरा भए । जहाँ किसानहरू यस प्रकार सङ्गठित भएर आन्दोलन गरेका थिए, ती माग पूरा भएका थिए । आन्दोलन नभएका ठाउँबाट पनि जमिनदार किसानका माग पूरा गर्न राजी भए । तर

जमिनमाथिको हक, जसको जोत उसको पोतको मागमा जोडदार रूपमा अगाडि बढाइएको भए पनि त्यो माग पूरा हुन सकेन (रेग्मी, उही) ।

बर्दियामा थारु समुदायले भूमि अधिकार र जीविकाको लागि वि.सं.२०४९ मा किसान आन्दोलन चलाएका थिए तर सरकारद्वारा यसमाथि दमन गरियो (बस्नेत, उही) ।

रसुवामा बिर्ता भूमिको उन्मूलन भए तापनि बिर्ताका मोहीहरू भने जग्गाको नक्कली धनीहरूलाई अन्न दिन बाध्य थिए । यसकारण वि.सं. २०५१ मा मोहीहरू एकजुट भई शासकलाई पहिले बिर्ताको रूपमा रहेको गुठी जग्गाको अन्न भुक्तानी गर्न बन्द गरे । वि.सं. २०५३ मा बाँके र बर्दियाका भूमि बञ्चित जनताहरूले बर्दियामा बागदारी आन्दोलन छेडे भने बाँकेमा भूमि अधिकारको लागि पितमरी आन्दोलनको थालनी गरे । सरकारले यी आन्दोलनहरूलाई पनि दमन गर्ने प्रयास गरेको थियो (बस्नेत, उही) ।

२०५७ साउन २ मा पश्चिमी तराईमा कमैयाप्रथा मुक्त गरेको घोषणा गर्दा संसदमा नेपाल मजदुर किसान पार्टी एक्लैले विरोध गर्यो । तर, उनीहरूलाई जमिनमाथिको अधिकार कायम नगरिंदा त्यो मुक्ति कागजमा मात्र सीमीत भयो (रेग्मी, उही) । सोही स्थिति २०६५ भाद्र २१ गते मुक्त घोषणा गरिएका हलियाहरूको पनि छ । सरकारले कमैयाहरूलाई धोका दिएकै हो, बिच्चली बनाएकै हो (के.सी., २०६९) । कमैया र हलिया मुक्तिको नाटकमा ठूला तथा कम्युनिष्ट भनाउँदा दलहरूको मौनताले किसान आन्दोलनको इतिहासमा कालो धब्बा लागेको छ ।

## ई. निष्कर्ष र सुझाव

८० प्रतिशतभन्दा बढी जनसङ्ख्याको आश्रय बनेको कृषि क्षेत्रमा सरकारको उदासिनता विडम्बनापूर्ण छ । देशको जीडीपीमा करिब ३४ प्रतिशत योगदान गरेको कृषि क्षेत्रमा ३ प्रतिशतभन्दा कम बजेट लगाउने गरेको छ । सत्तामा पुगेपछि किसान समस्या समाधानको सट्टा आफैले विगतमा लिएको नीति पनि छोड्ने गरेको छ । कमैयामुक्ति र हलियामुक्तिको घोषणाले कमैया र हलियाहरूलाई नभई जमिनदारहरूलाई मुक्ति दिएको छ । बहुदलको पुनःस्थापनापछि नेपाली काङ्ग्रेस, एमाले, माओवादीलगायत दलहरू पटक पटक सरकारमा गए । पञ्चायतकालदेखि लागू गरेको गुठी जग्गा रैकर गर्ने व्यवस्था गणतान्त्रिक सरकारले खारेज गर्‍यो । क्रान्तिकारी भूमिसुधारको नारा दिएका जनयुद्धकारी पार्टीले पनि सत्तामा पुगेपछि वैज्ञानिक भूमिसुधारमा सम्झौता गरेको छ । नेपालको किसान आन्दोलनको इतिहासले ६५ वर्ष पार गरेको छ । यद्यपि कम्युनिष्ट पार्टीभित्र नै किसानको मुद्दा उपेक्षित देखिएको छ ।

## सन्दर्भ सामग्रीहरू


उप्रेती, विष्णुराज (डा), सागर राज शर्मा, जगत बस्नेत (स.) ।२०६६। *नेपालमा भूमि राजनीति र द्वन्द्व, ग्रामीण रूपान्तरणका यथार्थ र सम्भावनाहरू*। काठमाडौं । एनसीसीआर, नर्थ साउथ, सीएसआरसी, एचएनआरएससी

के.सी, हर्ष बहादुर । २०६९ । कमैयाहरूको जीवन अझै कष्टकर । *किसान सङ्घर्ष,* वर्ष ३ अङ्क १ । ठा.न. । नेपाल क्रान्तिकारी किसान सङ्घ केन्द्रीय समिति ।

चालिसे, पुष्पराज ।२०५१। *नेपालको प्रजातान्त्रिक आन्दोलनमा भक्तपुरको भूमिका (१९९७-२०४७ वि.सं.)* ।काठमाडौं। के.एल 'उदय'

ज्यापु, रामबहादुर ।२०४२। *नेपाल किसान आन्दोलनको एक परिचय* ।काठमाडौं। युवा साहित्य गोष्ठी

तामाङ, सीताराम, उमानाथ रिजाल, रत्नप्रसाद जोशी ।२०७२। *नेपालमा कृषि क्रान्ति सम्भावनाका आयाम*। काठमाडौं । फ्याक्ट नेपाल

प्रजापति, विकल ।२०६४। *जनआन्दोलन २ मा भक्तपुर,* त्रिविवि शोधपत्र, (अप्रकाशित)

प्रसाई, नरेन्द्रराज ।२०६९। *रोहितको आकृति*। काठमाडौं । एकता बुक्स डिस्ट्रिव्युटर्स प्रा.लि. ।

बस्नेत, जगत ।२०६६। *नेपालमा भूमि आन्दोलनहरूको सारसंक्षेप*। नेपालमा भूमि राजनीति र द्वन्द्व ।काठमाडौं। एकसिसिआर, नर्थ साउथ, सिएसआरसी, एचएनआरएससी ।

रेग्मी, भैरवराज ।२०७२। *किसान आन्दोलनको दिशा*। नेपालमा कृषि क्रान्ति सम्भावनाका आयाम ।काठमाडौं। फ्याक्ट नेपाल ।

.... ।२०६४। *ऐतिहासिक किसान आन्दोलन एक अध्ययन*।भक्तपुर। नेपाल क्रान्तिकारी किसान संघ. केन्द्रीय समिति

.... । १९७७ नोभम्बर । *किसान संघर्ष* बुलेटिन ४ । ठा.न. । ......... ।

ANPA.(2004). *Fifty Years of Peasant Movement*. Kathmandu: All Nepal Peasant Association.

INSEC. (1995). *Human Rights Yearbook.* Kathmandu: Informal Sector Service Centre.

Thapa, S. (2001). *Peasant Insurgence in Nepal 1951-1960*. Bhaktapur: Nirmala KC.